

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, जेठ २८ गते २०६१ साल (अतिरिक्ताङ्क९

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम प्रधानमन्त्री श्री शेरबहादुर देउवाको सिफारिसमा निजकै अध्यक्षतामा देहायअनुसारको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजनको आदेश जारी गरिबक्सेको छ ।

मन्त्रिपरिषद् गठन विधि	कार्य विभाजन
१. श्री शेरबहादुर देउवा प्रधानमन्त्री	राजदरबारसम्बन्धी, रक्षा, अर्थ, कानुन, न्याय तथा संसदीय व्यवस्था, कृषि तथा सहकारी, गृह, जनसंख्या तथा वातावरण, जलस्रोत, परराष्ट्र, भूमिसुधार तथा व्यवस्था, महिला, बालबालिका तथा समाज कल्याण, वन तथा भू-संरक्षण, विज्ञान तथा प्रविधि, श्रम तथा यातायात व्यवस्था, सामान्य प्रशासन, सूचना तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		सञ्चार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, स्थानीय विकास र स्वास्थ्य ।
२. श्री विमलेन्द्र निधी	मन्त्री	शिक्षा तथा खेलकुद र उद्योग, वाणिज्य तथा आपूर्ति ।
३. श्री प्रकाशमान सिंह	मन्त्री	भौतिक योजना तथा निर्माण ।

मौसुफबाट नेपाल र नेपालीको हित तथा उन्नति हुने कार्यमा यो मन्त्रिपरिषद्लाई सर्वबाट आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा व्यक्त गरिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम,
मी. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।